बागमती प्रदेश सरकार
कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
पशपन्छी तथा मत्स्य विकास निर्देशनालय

हेटौंडा, नेपाल ।

# मासु निरीक्षक प्रयोजनार्थ सम्बन्धमा ।

## सूचना प्रकाशन मितिः २०८३/०४/२५

प्रस्तुत विषयमा कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं को मिति २०८३/०४/२० को माननीय मन्त्रीस्तरीय निर्णय अनुसार पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयन गर्ने सन्दर्भमा, ऐनको दफा ६ र दफा ७ बमोजिम राम्बन्धित जिल्ला र स्थानीय तहभित्र मासु निरीक्षक र सुपरिवेक्षक तोक्ने व्यवस्था रहेकोले इच्छुक दर्तावाल पशु चिकित्सकको लागि यस निर्देशनालय तथा जिल्ला स्थित पशु सेवा कार्यालयहरुमा मासु निरीक्षक हुन पाउँ भनि तपसिल बमोजिमका कागजातहरु सहितको निवेदन सूचना प्रकाशन भएको मितिले सात दिन भित्र पेश गर्नुहुन अनुरोध छ।

संलग्न गर्नुपर्ने कागजातहरु:

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. शैक्षिक योग्यता खुल्ने कागजातहरुको प्रतिलिपि
३. नेपाल पशु चिकित्सा परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. मासु निरीक्षक भएर काम गर्न इच्छुक कार्यक्षेत्र
५. मासु निरीक्षक भएर काम गरेको अनुभव/तालिमको प्रमाणत्र भएमा संलग्न गर्न सकिने

प्र. पशु शाखा

४/२५
माधव प्रसाद दाहाल
निमित्त महानिर्देशक

बेनिघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
दर्ता नं.: ३६५
मिति: २०८३/०४/२८

फोन नः ०५७-५२४२५४ / ५२४३१९ ई-मेल:dlfd3p@gmail.com वेब साईटः dolfd.bagamati.gov.np

बागमती प्रदेश सरकार

कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

धादिङबेसी, धादिङ।

बागमती प्रदेश सरकार कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय पशु सेवा कार्यालय धादिङबेसी, धादिङ

प.स.:२०८३/०८४
च.न.:- ४६

मितिः- २०८३/०४/२६
ने.सं. ११४६ दिल्लागा १४, मंगलबार

श्री स्थानीय तह सबै,
नगर कार्यपालिका/गाँउ कार्यपालिकाको कार्यालय, धादिङ।

विषयः-मासु निरीक्षक र सुपरिवेक्षक तोक्ने प्रयोजनको लागि नामावली सिफारिस गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालयको मिति २०८३/०४/२१ गतेको पत्रानुसार मिति २०८३/०४/२० गते माननीय मन्त्रिस्तरबाट भएको निर्णयानुसार पशु बधशाला र मासु जाँच ऐन, २०५५ चरणबद्ध रुपमा कार्यान्वयन गर्ने सम्वन्धमा ऐनको दफा ६ बमोजिमको मासु निरीक्षक पदमा पशु चिकित्सा विषयमा स्नातकोपाधि हासिल गरेको व्यक्ति र दफा ७ बमोजिमको मासु सुपरिवेक्षक पदमा पशु चिकित्सा विषयमा स्नातकोपाधि हासिल गरेको तहाँ कार्यरत एक (१) जना कर्मचारीलाई तहाँ कार्यालय मार्फत नामावली सिफारिस गरी तपसिलको तालिका अनुसार यस कार्यालयमा ३ (तीन) दिन भित्र उपलब्ध गराउनुहुन निर्देशानुसार अनुरोध छ।

साथै यसै पत्र साथ संलग्न पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौडाको सूचनाको व्यहोरा अवगत गरी तहाँ कार्यालयको सूचना पाटी तथा संचार माध्यमबाट सम्बन्धित सबैमा जानकारी गराउनुहुन अनुरोध छ।

तपसिलः

मासु निरीक्षकको तालिकाः

| क.स. | नाम थर | शैक्षिक योग्यता | पशु चिकित्सा परिषद दर्ता नं. | सम्बन्धित स्थानीय तह | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मासु सुपरिपेक्षकको तालिकाः

| क.स. | कर्मचारीको नाम थर | स्थायी/करार | हालको पद | तह/श्रेणी | शैक्षिक योग्यता | पशु चिकित्सा परिषद दर्ता नं. | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२०८३/०४/२६

डा.सन्तोष अधिकारी
पशु विकास अधिकृत
पशु विकास तथा प्रविधि प्रसार शाखा